नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

# जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, रसुवा

# DISTRICT COVID-19 CRISIS MANAGEMENT CENTER, RASUWA(DCCMC)

बैठक संख्या:- ०२(०७८/७९),
बैठक मिति:- २०७८।०४।११ गते,
स्थान:- जिल्ला प्रशासन कार्यालय, रसुवा।

आज मिति २०७८।०४।११ गते प्रमुख जिल्ला अधिकारी एवं जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, रसुवाको संयोजक श्री ईश्वरी प्रसाद ढकालज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णय गरियो।

**उपस्थिति:**

**जिल्ला समिति:**

| | | | |
|---|---|---|---|
| श्री ईश्वरी प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| श्री नरेश के.सी. | प्रमुख सेनानी | श्री विष्णु दल गण, ब्राबल ब्यारेक,धुन्चे | सदस्य |
| श्री देवेन्द्र पाण्डे | प्रहरी नायव उपरीक्षक | जिल्ला प्रहरी कार्यालय | सदस्य |
| श्री लभ कुमार सापकोटा | सशस्त्र प्रहरी नायव उपरीक्षक | स.प्र.बल नेपाल नं.२० गुल्म धुन्चे | सदस्य |
| श्री सविन श्रेष्ठ | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| श्री बसन्त चालिसे | स्वास्थ्य शिक्षा अधिकृत | स्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| श्री कौशिक सापकोटा | नि.मे.सु. | रसुवा अस्पताल, धुन्चे | सदस्य |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

निर्णयहरुः

१. **सर्वसाधारणका लागिः**

- अत्यावश्यक काम(औषधि, खाद्यबस्तु तथा अत्यावश्यक बस्तु तथा सेवा खरिद) वाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने ।
- नेपाल सरकारद्वारा तोकिएको सामाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्ड (नियमित रुपमा साबुन पानीले हात धुने, अनिवार्य मास्क र स्यानिटाईजरको प्रयोग) को अनिवार्य पालना गर्ने ।
- बजार, मेला, महोत्सव, पार्टी, भोज भतेर लगायत भिडभाड हुने कार्य नगर्ने/नगराउने ।
- कोभिड-१९ को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्ने ।

२. **पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमाः**

- औषधि तथा स्वास्थ्य सामग्री, अन्य व्यवसाय, होटल तथा रेष्टुरेन्ट सञ्चालन गर्दा स्वास्थ्य मापदण्ड अनिवार्य पालना गर्नुपर्ने र कम्तिमा दुई मिटरको भौतिक दुरी कायम गर्नुपर्ने ।

३. **सवारी साधन सञ्चालनको हकमाः**

- सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने, स्यानिटाईजरको प्रयोग गर्ने,
- चालक र सहचालकले अनिवार्य रुपमा मास्क, भाईजर र पञ्जाको प्रयोग गर्ने,
- सवारी साधनको ढोकामा अनिवार्य स्यानिटाईजरको व्यवस्था हुनुपर्ने,
- अनिवार्य रुपमा सवारी साधन दैनिक निसंक्रमित गर्नुपर्ने ।

उल्लेखित आदेशको अवज्ञा गरी कार्य गरे/गराईएको पाईएमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ । संक्रमण बढन गएमा यस आदेशमा भएका व्यवस्थाहरु कुनैपनि बेला पुनरावोलकन गर्न सकिन्छ । साथै जारी निषेधाज्ञा मिति २०७८।०४।१० गते राती १२:०० बजेसम्म मात्र भएकोले पुनः १० दिनका लागि निषेधाज्ञा निरन्तरताका लागि जिल्ला प्रशासन कार्यालय, रसुवालाई सिफारिस गर्ने ।